# सुइता सिटी बहसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## मौसम चेतावनी प्रणाली परिवर्तन पहिलेभन्दा स्पष्ट र बुझ्न सजिलो भएको छ ।

## 気象警報がわかりやくなりました

मौसम चेतावनी प्रणाली परिवर्तन भएको छ र अब यसलाई बुझ्न अझ सजिलो भएको छ। मनसुन वा टाइफुनको मौसम सुरु हुनुअघि आवश्यक जानकारी राम्रोसँग जाँच गरी तयारी गरौँ।

■ मुख्य परिवर्तनहरू

① प्रत्येक चेतावनी र सतर्कता सूचना को नामसँग जोखिम स्तर उल्लेख गरिनेछ, जसले गर्दा अपनाउनुपर्ने सुरक्षित स्थानतर्फको कार्य वा निकासी सम्बन्धी निर्णय सजिलै गर्न सकिनेछ।

उदाहरण: (पुरानो) भारी वर्षा चेतावनी → (नयाँ) लेभल 3 भारी वर्षा चेतावनी

② रेखीय वर्षा पट्टी (Linear Precipitation Band) जस्ता अत्यधिक मौसमीय घटनाहरूलाई अब “मौसम आपतकालीन चेतावनी” (Weather Emergency Alert) का रूपमा जारी गरिनेछन्।

उदाहरण: (पुरानो) असाधारण भारी वर्षासम्बन्धी मौसम जानकारी→ (नयाँ) *मौसम आपतकालीन चेतावनी (रेखीय वर्षा पट्टी पत्ता लागेको)*

| चेतावनी स्तर | मौसमसम्बन्धी विपद् पूर्वसूचना | | | | नागरिकहरूले अपनाउनुपर्ने कार्यहरू |
|---|---|---|---|---|---|
| | नदीको बाढी  | भारी वर्षा  | बाढी तथा पहिरो  | समुद्री बाढी  | |
| स्तर 5 सरह | स्तर 5 बाढीको विशेष चेतावनी | स्तर 5 भारी वर्षाको विशेष चेतावनी | स्तर 5 पहिरो सम्बन्धी विशेष चेतावनी | स्तर 5 समुद्री बाढी सम्बन्धी विशेष चेतावनी | ज्यान जोखिममा छ! तत्काल सुरक्षित स्थानमा जानुहोस् |
| ↓↓ **चेतावनी स्तर 4 सम्ममा खतरनाक क्षेत्रबाट अनिवार्य रूपमा सुरक्षित स्थानमा जानुहोस्** ↓↓ | | | | | |
| स्तर 4 सरह | स्तर 4 बाढीको जोखिम सूचना | स्तर 4 भारी वर्षाको खतरनाक चेतावनी | स्तर 4 पहिरोको उच्च जोखिम सम्बन्धी चेतावनी | स्तर 4 समुद्री बाढी को खतराको चेतावनी | जोखिमपूर्ण स्थानबाट सबैलाई सुरक्षित स्थानमा सार्नुहोस् |
| स्तर 3 सरह | स्तर 3 बाढी आउने सम्भावनाको चेतावनी | स्तर 3 भारी वर्षा हुने सम्भावनाको चेतावनी | स्तर 3 पहिरो खस्ने सम्भावनाको चेतावनी | स्तर 3 समुद्री बाढी बढ्ने सम्भावनाको चेतावनी | सारिन समय लाग्ने वृद्ध र अपाङ्गता भएका व्यक्तिहरूले चाँडै नै सुरक्षित स्थानमा जानुहोस् |
| स्तर 2 सरह | स्तर 2 बाढी आउन सक्ने सम्भावनाबारे ध्यान दिनु पर्ने सूचना | स्तर 2 भारी वर्षा हुन सक्ने सम्भावनाबारे ध्यान दिनु पर्ने सूचना | स्तर 2 पहिरो खस्ने सम्भावनाबारे ध्यान दिनु पर्ने सूचना | स्तर 2 समुद्री बाढी बढ्ने सम्भावनाबारे ध्यान दिनु पर्ने सूचना | सुरक्षित स्थान, जाने बाटो र खाली गर्ने समय आदि जाँच गर्नुहोस् |
| 1 | चाँडै ध्यान दिनुपर्ने प्रारम्भिक चेतावनी सूचना | | | | विपद्को लागि तयारी मानसिक रूपमा मजबुत बनाउनु |

⚠ सुरक्षित स्थानमा जान निर्देशन सम्बन्धी जानकारीका लागि, सुइता सिटी बाट आउने सूचनाहरू जाँच गर्नुहोस्।

① प्रत्येक चेतावनी  र सतर्कता सूचना को नामसँग जोखिम स्तर  उल्लेख गरिनेछ, जसले गर्दा अपनाउनुपर्ने सुरक्षित स्थानतर्फको कार्य वा निकासी सम्बन्धी निर्णय सजिलै गर्न सकिनेछ।

उदाहरण:

(पुरानो) भारी वर्षा चेतावनी → (नयाँ) लेभल 3 भारी वर्षा चेतावनी

② रेखीय वर्षा पट्टी (Linear Precipitation Band) जस्ता अत्यधिक मौसमीय घटनाहरूलाई अब "मौसम आपतकालीन चेतावनी" (Weather Emergency Alert) का रूपमा जारी गरिनेछन्।

उदाहरण:

(पुरानो) असाधारण भारी वर्षासम्बन्धी मौसम जानकारी

→ (नयाँ) *मौसम आपतकालीन चेतावनी (रेखीय वर्षा पट्टी पत्ता लागेको)*

■ आपतकालीन अवस्थाका लागि तयारी गरौं!

(１) विपद् सम्बन्धी जानकारी जाँच गर्न सकिने व्यवस्था राखौं।

・इन्टरनेटका साथै, विपद् सचेतना एपहरू र आपतकालीन सार्वजनिक सूचना प्रणाली (विपद् प्रशासनिक रेडियो) आदि मार्फत चेतावनी, सतर्कता सूचना तथा मौसमसम्बन्धी आपतकालीन जानकारी प्राप्त गर्ने माध्यमहरू पहिले नै जाँच गरेर राख्नुहोस्।

・चेतावनी आदि जारी भएको बेला, जोखिमको स्तर नक्सामा देखाएर बुझ्न सकिने "Kiki Kuru" (キキクル) जस्ता प्रणाली तथा भविष्यमा जोखिम कस्तो हुँदै जान्छ भन्ने समयक्रमीय जानकारी (भोलिसम्मको चेतावनी आदि बारेको पूर्वानुमान) पनि प्रयोग गर्नुहोस्।

(2) आपतकालमा साथमा लैजाने र घरमा राख्ने आवश्यक सामानहरू तयार गरौं।

・खाद्यान्न कम्तीमा 3 दिनका लागि पुग्ने गरी आवश्यक हुन्छ।

・बाढी/विपद् आएपछि घर छोडेर बस्नुपर्ने अवस्थाको सोच गरेर पहिले नै तयारी गरौं।  साना बच्चा भएका घरमा दूध र डायपर, घरपालुवा जनावर भएका घरमा खाना र आवश्यक सामान, औषधि खाने मानिसले औषधि र औषधिको कागज (रेकर्ड) तयार राखौं। हरेक घरको आवश्यकता फरक हुन्छ।

सुइता सिटीको विपद् तयारी ह्यान्डबुक (अङ्ग्रेजी, चिनियाँ, कोरियाली) 吹田市防災ハンドブック （English、中文、한국어）、 関西停電情報アプリ तथा कन्साइ विद्युत् अवरुद्ध जानकारी एप पनि प्रयोग गर्नुहोस्।

■ सम्पर्क

संकट व्यवस्थापन कार्यालय

फोन: 06-6384-1753

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।